राजपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

☎०८२-५९०६४०

प.सं. २०८१/०८२

च.नं.

गंगदी, दाङ

लुम्बिनी प्रदेश, नेपाल

मिति :२०८२/३/५ गते

## उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्तिको आवेदन आह्वान सम्बन्धी सूचना

राजपुर गाउँपालिका भित्रका आर्थिक रूपमा कमजोर तथा जेहेन्दार विद्यार्थीहरूलाई प्राविधिक शिक्षामा छात्रवृत्ति तथा प्रोत्साहन रकम प्रदान गर्ने उद्देश्यले "उच्च शिक्षामा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति वितरण निर्देशिका, २०८१" अनुसार छात्रवृत्ति प्रदान गर्नको लागि देहाय बमोजिमको योग्यता पुगेका इच्छुक राजपुर गाउँपालिकाको स्थायी बासिन्दाको लागि आवश्यक कागजात सहित दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**१. छात्रवृत्ति प्राप्त गर्न सक्ने अध्ययन विषयहरू:**

- Bachelor र Master तहमा Engineering र Medical Science अन्तर्गत सिफारिस समितिले छनौट गरेका विषयहरूमा अध्ययनरत विद्यार्थीहरू।

**२. आवेदन दिनु पर्ने व्यक्तिको योग्यता:**

- आर्थिक रूपमा कमजोर र शैक्षिक रूपमा जेहेन्दार।
- सम्बन्धित विषयको प्रवेश परीक्षा निर्धारित अंकसहित उत्तीर्ण गरेको।
- राजपुर गाउँपालिका भित्र कम्तिमा १० वर्षदेखि स्थायी बसोबास गरिरहेको।

**३. आवेदन दिने अन्तिम मिति:**

- सूचना प्रकाशित भएको मितिबाट ७ (सात) दिनभित्र।

**४. आवेदन दिने तरिका:**

- इच्छुक विद्यार्थीहरूले आफ्नो विवरणसहित आवश्यक कागजातहरू संलग्न गरी राजपुर गाउँपालिकामा स्वयम् उपस्थिति भई आवेदन दिनुपर्नेछ।

**५. आवेदनका लागि आवश्यक कागजातहरू:**

- नागरिकता प्रमाणपत्र
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो।
- शैक्षिक प्रमाणपत्रहरू (SEE, +2, स्नातक तहका प्रमाणपत्र, ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र आदि)।
- प्रवेश परीक्षा उत्तिर्ण गरेको भनि सम्बन्धित क्याम्पसको सिफारिस ।
- १० बर्षदेखि बसोबास गरेको भनि सम्बन्धित वडा कार्यालयको सिफारिस।

**६. छात्रवृत्ति भुक्तानी प्रक्रिया:**

- छनौट भएका विद्यार्थीहरूको नाममा रहेको बैंक खातामा छात्रवृत्तिको रकम प्रत्यक्ष जम्मा गरिनेछ।

**७. थप जानकारीका लागि:**

राजपुर गाउँपालिका, शिक्षा, यूवा तथा खेलकुद शाखामा सम्पर्क गर्नुहोस्।

प्रमुख प्रशासकीय अधिकृत

रेमन्त बहादुर डाँगी

प्रमुख प्रशासकीय अधिकृत

Email: rajpurmun@gmail.com Website: rajpurmundang.gov.np